# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८२/०८३ को का.पा. बैठक संख्या:- ४

मितिः- २०८२।०६।०५ गते आइतबार

बैठक प्रारम्भ:- बिहान ९:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको चौंथो बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं.वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं.वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्या:- ४

मिति:-, २०८२।०६।०५ गते आइतबार

कृष्ण कुमार तामाङ
नगर प्रमुख

बैठक प्रारम्भ:- विहान ७:०० बजे

<u>प्रस्तावहरु</u>

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रलाई साझेदारी वापतको रकम दाखिला सम्बन्धमा ।

३. नगर शिक्षा योजना निर्माण सम्बन्धमा ।

४. मौरी पकेट कार्यक्रमको क्षेत्र निर्धारण सम्बन्धमा ।

५. जग्गा सिफारिस सम्बन्धमा ।

६. किसान सूचीकरण सम्बन्धमा ।

७. भूमीहिन सुकुम्वासी अव्यवस्थित बसोबासी तथा दलित सुकुम्वासीहरुको विवरण सम्बन्धमा ।

८. याक प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

९. विविध

क. पूर्व स्वीकृति सम्बन्धमा

ख. अध्ययनका लागि स्वीकृती सम्बन्धमा

ग. सरुवा सिफारिस सम्बन्धमा ।

घ. राष्ट्रपति रनिङ शिल्ड,२०८१ को घाइते विद्यार्थी सहयोग सम्बन्धमा ।

ङ. माग आकृति फाराम भरि पठाउने सम्बन्धमा ।

च. सवारी साधन सम्बन्धमा ।

छ. आर्थिक सहायता सम्बन्धमा ।

ज. पशु सेवा केन्द्र खराङ्गमा विद्युत पोल, हिलटेक तथा पाइप व्यवस्थापन सम्बन्धमा ।

झ. शुभकामना सम्बन्धमा ।

ञ. सूर्योदय आ वि फलाटेको भवन मर्मत सम्बन्धमा ।

ट. राजश्व छुट सम्बन्धमा ।

ठ. शोक सम्बन्धमा ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्याः- ४

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

मितिः- २०८२।०६।०५ गते आइतबार

कृष्ण कुमार तामाङ
नगर प्रमुख

बैठक प्रारम्भः- विहान ७:०० बजे

निर्णयहरु

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ भाद्र ५ गते बसेको तेस्रो कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं. २, ३,४ र ५ विविध क, ख, ग, घ, ङ, च, छ, ज, झ र ञ कार्यान्वयनको चरणमा रहेको व्यहोरा कार्यपालिका बैठकमा अवगत गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा वैकल्पिक उर्जाको लागि चैनपुर नगरपालिका वडा नं.-११ मा संचालन हुने खहरे सौर्य सिंचाई परियोजना कार्यान्वयनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको च.नं. ३२१ मिति २०८२ असोज २ गतेको पत्र बमोजिम कुल लागत रकम रु.१,११,५३०१८।२२ को २० प्रतिशतले हुन आउने रकम रु २२,३०,६०३।६४ NMB बैंक बबरमहल मुख्य शाखाको LG Contribution खाता नं. ९९०००३७४०३५०११८६ मा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर सम्बन्धमा छलफल गर्दा चैनपुर नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना निर्माणको लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. संयोजक श्री कालीबहादुर लिम्वु
२. सदस्य श्री गोविन्दमान तामाङ
३. सदस्य श्री अमृतबहादुर कार्की
४. सदस्य श्री किशोर भट्टराई
५. सदस्य श्री धनबहादुर दाहाल
६. सदस्य श्री मीना खनाल
७. सदस्य श्री चहकबहादुर भण्डारी
८. सदस्य श्री सूर्यबहादुर दाहाल
९. सदस्य सचिव श्री कमल गौतम

निर्णय नं. ४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा संघीय सरकारको शसर्तबाट प्राप्त मौरी पकेट कार्यक्रमको संचालनको लागि नगरपालिकाको वडा नं.-२ लाई क्षेत्र निर्धारण गरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं.-५ को वडा कार्यालय लागि दाताबाट दिइने जग्गा आवश्यक क्षेत्रफल तथा जग्गा समेत उपयुक्त देखिएको हुँदा जग्गा लिखत पारित गराई दाखिल खारेजका लागि स्वीकृत दिन जिल्ला प्रशासन कार्यालय संखुवासभामा अनुरोध गर्ने निर्णय गरियो । साथै चैनपुर वडा नं.-३ को शहरी स्वास्थ्य केन्द्र रातमाटे र चैनपुर वडा नं.-८ को आधारभूत स्वास्थ्य केन्द्रको लागि दाताबाट दिइने जग्गा आवश्यक क्षेत्रफल तथा उपयुक्त समेत रहेको हुँदा लिखत पारित गराई दाखिल खारेजका लागि आवश्यक कारबाही अगाडी बढाइ दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्या:- ४

मिति:- २०८२।०६।०५ गते आइतबार

बैठक प्रारम्भ:- विहान ७:०० बजे

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगरपालिका अन्तर्गतका वडा नं.-१ देखि ११ सम्मका सूचीकरण हुन बाँकी कृषकहरुको किसान सूचीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ उपर छलफल गर्दा भूमीहिन दलित, भूमीहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको फाराम भर्ने म्याद समाप्त भए पश्चात उक्त विवरणमा दावी विरोधको लागि वडास्तरीय सहजीकरण समितिको बैठक बसी सूचना प्रकाशन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ उपर छलफल गर्दा संघीय सरकारको ससर्तबाट प्राप्त याक प्रवर्द्धन कार्यक्रमको संचालनको लागि नगरपालिकाको वडा नं. – १ लाई तोकि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** विविध

क. जवस्वास्थ्य निरीक्षक श्री हिमालराज ढकालले चिकिस्ता शिक्षा आयोगबाट संचालन हुने २०८२ को स्नातक शतह अन्तरगत BPH को एकिकृत परिक्षामा सहभागी हुन पूर्व स्वीकृति माग भई आएको हुँदा निजलाई उक्त परिक्षामा सहभागी हुन पूर्व स्वीकृति दिने निर्णय गरियो ।

ख. सि.अनमी श्री सुमित्रा लिम्वुले स्टाफ नर्स अध्ययनका लागि सैलेजा आचार्य स्मृति पोलिटेक्निकल विराटनगरमा नाम दर्ता गरि सकेको हुँदा अध्ययनका लागि स्वीकृति पाउँ भनी निवेदन पेश गुर्न भएकोमा निजले अध्ययनका लागि स्थानीय सरकारी सेवाको गठन संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बवेको ऐन,२०८० को दफा १२० को उपदफा ५ बमोजिम सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिएको नदेखिएको हुँदा निजको माग बमोजिमको अध्ययनको लागि स्वीकृति दिन नसक्ने निर्णय गरियो

ग. ना. प्र. स. श्री सविता राईलाई सरुवा सिफारिस हाल दिन नसकिने साथै आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

घ. प्रस्तुत विषयमा चैनपुर नगरपालिकाको आयोजनामा संचालन भएको राष्ट्रपति रनिङ्ग शिल्ड,२०८१ संचालनका क्रममा विभिन्न खेलकुदका विद्याहरुमा सहभागी खेलाडी खेल्ने क्रममा घाइते भएका हुँदा उक्त खेलाडीको उपचार खर्च वापत रु.१२५५६। बाह्र हजार पाँच छपन्न मात्र उपचार खर्च प्रदान गर्ने निर्णय गरियो ।

ङ प्रदेश लोक सेवा आयोग विराटनगरको च नं ४ मिति २०८२ श्रावण ६ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत हुँदा यस कार्यालयमा हाल सम्म O&M स्वीकृत भई नसकेको हुँदा कार्यालयको लागि आवश्यक पर्ने दरबन्दी नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतको समन्वयमा माग आकृति फाराम भरि पठाउने निर्णय गरियो ।

च. चैनपुर नगरपालिकाको विभिन्न वडामा कार्यरत प्राविधिकहरुलाई दुई पाङ्ग्रे सवारी मोटरसाइकल व्यवस्थापन गर्नुपर्ने भएको हुँदा दुई वटा मोटरसाइल भएका वडाहरुले यस कार्यालयमा बुझाउन पत्राचार गर्ने निर्णय गरियो । साथै कार्यालयको सवारीलाई कार्यालयको काम बाहेक अरु काममा प्रयोग नगर्नका लागि समेत पत्राचार गर्ने निर्णय गरियो ।



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/०८३ को का.पा. बैठक संख्याः- ४

मितिः- २०८२।०६।०५ गते आइतबार बैठक प्रारम्भः- विहान ७:०० बजे

छ. चैनपुर नगरपालिकाको विभिन्न वडाहरुबाट विपद्का कारण क्षति भई सहयोग माग तथा दीर्घरोगीहरु उपचारको लागि आर्थिक सहयोग माग भई आएकोले तपसिल अनुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

तपसिल

| सि नं. | नाम थर | ठेगाना | विपद् | शीर्षक | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | जीवन खत्री | चैनपुर २ | पहिरो | विपद् | १००००। | बाख्रा मरेको |
| २ | ङिमा शेर्पा | चैनपुर ३ | पहिरो | विपद् | २००००। | घरमा क्षति |
| ३ | लोकेन लिम्वु | चैनपुर ४ | पहिरो | विपद् | १५०००। | अलैंची बारी क्षति |
| ४ | जितमाया राई शेर्पा | चैनपुर ६ | | विपद् | ८०००। | |

ज. खराङ्ग पशु सेवा केन्द्र चैनपुर-१० को कार्यालयमा विद्युत पोल, हिलटंङ्क तथा पाइप व्यवस्थापन गर्नका लागि माग भई आएको हुँदा ल.ई.तयार गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

झ. नेपालीहरुको महान चाड विजयादशमी, शुभदिपावली, नेपाल सम्वत्,छठ पर्व, उधौली लगायत सम्पूर्ण चाडपर्वहरुको सुखद् अवसरमा सम्पूर्ण चैनपुर नगरवासी आमाबुबा,दाजुभाई, दिदिवहिनी एवं स्वदेश तथा विदेशमा बसोबास गर्ने नेपालीजनमा सुख, शान्ति,समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

ञ. चैनपुर नगरपालिका वडा नं ७ स्थित श्री सूर्योदय आ वि फलाटेको विद्यालय भवन जीर्ण भई दैनिक पठन पाठन गर्न नसक्ने अवस्था आएको हुँदा सो विद्यालयको भवन ममर्तका लागि रु.६००००। साठ्ठी हजार विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

ट. हाईडल हाइड्रोपावर प्रा लि को संचालनका जग्गा खरिद प्रक्रियाका लागि राजश्व छुटको निवेदन पेश भएको हुँदा उक्त हाइड्रोपावरलाई जग्गा खरिदको राजश्व छुटका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

ठ. मिति २०८२ भाद्र २३ र २४ गते Gen Z पुस्ताको नेतृत्वमा भएको प्रदर्शनका क्रममा भएको ठूलो जनधनको अपूरणीय क्षति प्रति गहिरो दुख व्यक्त गरि मृत आत्माको चिर शान्तिको कामना गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्ने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक विहान १०:४० बजे यही अन्त्य गरियो।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।